मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
स्था: २०७३ (Estd: 2073)
नुम, संखुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८२/०८३
Ref. No.: 2082/083
चलानी नं: 260
Dispatch No.:

# शोक विदा सम्बन्धी सूचना ।

मिति : २०८२/०५/२४ गते

ने.सं. ११४५ जंलागा द्वितिया

मिति २०८२ साल भाद्र २३ र २४ गतेका दिन देशव्यापी रुपमा भएको " Gen Z " आन्दोलनको क्रममा भएको **दु:खद** घटनाबाट हामी सबै अत्यन्तै मर्माहित भएका छौ। आन्दोलनका क्रममा ज्यान गुमाउने युवा तथा विद्यार्थीहरुको दिवंगत आत्माप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारहरु प्रति गहिरो समवेदना व्यक्त गर्दछौ साथै उपचाररत सम्पूर्ण घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

हाल देशमा उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै मिति २०८२।०५।२५ गते बुधबारका दिन स्वास्थ्य सेवा र आकस्मिक तथा अत्यावश्यक सेवा बाहेकका मकालु गाउँपालिका मातहतका सम्पूर्ण सरकारी कार्यालयहरु एवम् सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शोक विदा दिने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

पुनश्च: मिति २०८२।०५।२६ गते देखि सञ्चालन हुने गरी तय भएको दोस्रो त्रैमासिक परीक्षा अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगित गरिएको व्यहोरा समेत अनुरोध छ ।

..................
ओङदी छिरीङ शेर्पा
अध्यक्ष